ऋण असुली न्यायाधिकरणबाट जारी गरिएको

सूचना

मिति २०७७।०४।३०

कोरोना भाइरस (कोभिड-१९) का कारण जारी भएको बन्दाबन्दी (लकडाउन)को अवधिमा अदालतको कामकारवाही तथा सेवाप्रवाह सम्बन्धमा सम्मानित सर्वोच्च अदालत, पूर्ण बैठकको मिति २०७६।१२।०७ लगायत विभिन्न मितिमा बसेका बैठक र मिति २०७७।०२।१५ मा भएको आदेशको व्यवस्था र यस न्यायाधिकरणबाट विभिन्न मितिमा भएका निर्णयानुसार सेवा सुचारु गर्दै आएको वेहोरा जानकारी नै छ।

मिति २०७७ भाद्र २ गतेदेखि इजलास संचालन गर्ने भनी पेसी तोकिएकोमा हाल काठमाण्डौ उपत्यकामा दिन प्रतिदिन कोविड-१९ को संक्रमण वढि रहेको परिप्रेक्ष्यमा सेवाग्राही समेतको भिडभाड नियन्त्रण गरी सक्रमणको जोखिम न्यूनिकरण गर्न यस न्यायाधिकरणबाट हुने काम कारवाही र प्रवाह गरिने सेवामध्ये अत्यावश्यक प्रकृतिका कार्य र सेवाहरु बाहेकका अन्य सेवाहरु स्थगन गर्नु पर्ने अवस्था देखिएकोले अर्को सूचना जारी नभएसम्म स्थगित गर्ने र मिति २०७७।०४।०७ निर्णयानुसार जारी गरिएको सूचना यथावत राख्ने गरी मिति २०७७।०४।३० को पदाधिकारी वठैकको निर्णय अनुसार सम्वन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।